नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
योजना तथा अनुगमन शाखा

फो.नं.
४२०००००
४२००३२३
सिंहदरबार काठमाण्डौं

प.सं. ०७५/७६
च.नं. ४८

मिति - २०७५/११/०९

श्री स्थानीय तह, सबै

विषय – *आवश्यक जानकारी सम्बधमा ।*

प्रस्तुत बिषयमा उर्लावारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लावारी मोरङको च. नं २६४७, मिति २०७५।१०।२३ को पत्र यस मन्त्रालयमा प्राप्त भएकोले आवश्यक समन्वय र सहयोगका लागि प्राप्त सक्कलै पत्र यसै साथ संलग्न राखी जानकारीको लागि आदेशानुसार अनुरोध गरिन्छ ।

भुपेन्द्र रायमाझी
शाखा अधिकृत

बोधार्थ

श्री सूचना तथा प्रविधि शाखा: **Website** मा **upload** गरिदिनु हुन ।

# उर्लाबारी नगरपालिका
## Urlabari Municipality
### नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
उर्लाबारी, मोरङ
Urlabari, Morang
१ नं प्रदेश, नेपाल
1 No. Province, Nepal


(९०)

स्थानीय तह क्षमता
बिकास महाशाखा
दर्ता नं. ४९२
मितिः ११/३

प.सं. ०७५/०७६
च.नं. २६८६

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्युको कार्य कक्ष
दर्ता नम्बरः- ९२०
दर्ता मितिः- ०७५/११/१

मितिः २०७५/१०/२३

श्री सचिवज्यू,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ ।

बिषय/sub:- राष्ट्रिय गौरवको योजना संचालनमा राष्ट्रव्यापी सहयोगको लागि पत्राचार हुन ।

प्रस्तुत बिषयमा उर्लाबारी नगरपालिका वडा नं ३, श्री नवनाथ चौरासी सिद्ध-गुरु गोरक्षनाथ अखण्डधुनी मन्दिर स्थित श्री ॐ महायोगी गुरु शिव गोरक्षनाथः सिद्ध गोरक्ष योगपीठ सिद्धाश्रम नेपालले मिति २०७५/१०/१४ को पत्रबाट यस कार्यालयमा पेश गरेको माग निवेदन बमोजिम उर्लाबारी न.पा. वडा नं ३ स्थित नेपालकै धार्मिक पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण मानिएको र राष्ट्रिय गौरव बोकेको यस योगपीठ सिद्धाश्रमको गुरुयोजना (२०६२) नगर प्रमुखज्यूबाट स्वीकृत भई पेश भैसकेको विदितै छ । धार्मिक पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण मानिएको ०.८९ हेक्टर क्षेत्रफलमा रहेको जग्गामा गुरुयोजना अनुरुप नक्सा डिजाईन भई राष्ट्रिय योजना आयोगको सचिवालयमा पेश भैसकेको र नेपाल सरकार शहरी विकास तथा भवन निर्माण विभागको तत्वाधानमा अन्य बाँकी नक्सा डिजाइन हुन लिखित अनुरोध बमोजिम श्री नवनाथः चौरासी सिद्ध गुरु गोरक्षनाथ सामुदायिक भवन धर्मशाला (पाँचतले तिन सय कोठा परिमाण भएको), श्री नवनाथ चौरासी सिद्ध गुरुगोरक्षनाथ बृहद सभागृह भवन, श्री पराम्बा भगवती बालत्रिपुरा सुन्दरी श्री नवनाथ चौरासी सिद्ध यज्ञशाला, गुरु गोरक्षनाथ मन्दिर र नवनाथ चौरासी सिद्ध अखण्ड धुनी भवन निर्माणाधिन अवस्थामा रहेको, आध्यात्मिक शिवशक्ति सत्संग ध्यानभक्ति तन्त्र मन्त्र यन्त्र ज्ञानगोष्ठी सामुदायिक भवन, श्री नवनाथ चौरासी सिद्ध गुरु गोरक्षनाथ यज्ञशालाको नक्सा डिजाइन भएको र ५ वटा गेट क्रमशः चारद्वारमा पूर्वमा सूर्य चिन्ह अङ्कित सूर्यद्वार, पश्चिममा चन्द्र चिन्ह अङ्कित चन्द्रद्वार, उत्तरमा श्री मंगल गणेश र कुवेरद्वार, दक्षिणमा शनी महाकाल भैरवनाथ द्वार र राजमार्ग छेउमा मुख्य प्रवेश द्वार गरी ५ स्वागतद्वारको नक्सा डिजाइन र सबैको लागत इस्टिमेट करिब एक अर्बको तयार गरीसकेकोले सोलाई कार्यान्वयनमा ल्याउन राष्ट्रिय गौरवको सिद्धाश्रमका भौतिक पूर्वाधारहरु निर्माण गर्नको लागि उर्लाबारी न.पा. को बजेटबाट सम्भव हुन नसकेकोले श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत देशका सबै स्थानीय तहबाट यस राष्ट्रिय गौरवको योजना निर्माण तथा संचालनमा आफू जुटी अरुलाई जुटाई भन्ने अभिप्रायका साथ सहयोगको लागि अपिल सहित मन्त्रालयको मातहतका सबै स्थानीय तहमा पत्राचार गरि दिन हुन र स्थानीय तहबाट यथासम्भव बजेट विनियोजन हुन र सहयोग प्राप्त बजेट उर्लाबारी नगरपालिकाको रोहबरमा योजनामा लगानी हुने व्यवस्थाका लागि पहल गरि दिन हुन समेत माग भई आएकोले ताहाँबाट यथासक्य सहयोग हुन व्यवस्थाका लागि पहल गरि दिन हुन श्री गुरु शिव गोरक्षनाथ सिद्ध गोरक्ष योगपीठ सिद्धाश्रम नेपाल, निर्माण समितिको बैंक खाता विवरण तपसिल बमोजिम उल्लेख गरि सिफारीस साथ अनुरोध छ ।

***बैंक खाता विवरण***

बैंक : कृषि विकास बैंक लि., उर्लाबारी शाखा
खाताको नाम : श्री गुरु गोरक्षनाथ अखण्ड धुनि निर्माण समिति, उर्लाबारी-३
खाता प्रकार : चल्ती खाता
खाता नं. : ०६०१७०११४६००५०१८

.............................
खड्ग बहादुर फागो
नगर प्रमुख

खड्गबहादुर फागो
नगर प्रमुख


फोन नं. : ०२१-५४०००३, ५४०४५१ फ्याक्स : ०२१-५४०४६३ E-mail : info@urlabarimun.gov.np,website : urlabarimun.gov.np

आज मिति २०७५ साल माघ २१ गते सोमबारका दिन यस उर्लाबारी नगर कार्यपालिकाको बैठक नगर कार्यपालिकाका प्रमुख श्री खड्ग बहादुर फागोज्यूको अध्यक्षतामा बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति :

| क्र.सं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख | श्री खड्ग बहादुर फागो | |
| २. | उप-प्रमुख | श्री लक्ष्मीदेवी भण्डारी | |
| ३. | वडा अध्यक्ष | श्री मचिन्द्र कुमार कार्की | |
| ४. | वडा अध्यक्ष | श्री कुमार कडेल | |
| ५. | वडा अध्यक्ष | श्री गंजबहादुर कार्की | |
| ६. | वडा अध्यक्ष | श्री लक्ष्मीनारायण धिमाल | |
| ७. | वडा अध्यक्ष | श्री भानुभक्त शर्मा | |
| ८. | वडा अध्यक्ष | श्री चिन्तामणी पौड्याल | |
| ९. | वडा अध्यक्ष | श्री वीरबल थापा | |
| १०. | वडा अध्यक्ष | श्री कुल बहादुर कार्की | |
| ११. | वडा अध्यक्ष | श्री बमबहादुर फ्याक लिम्बु | |
| १२. | कार्यपालिका सदस्य | श्री सन्तकुमारी विश्वकर्मा | |
| १३. | कार्यपालिका सदस्य | श्री कृष्णमाया कडरीया | |
| १४. | कार्यपालिका सदस्य | श्री चन्द्रा डाँगी | |
| १५. | कार्यपालिका सदस्य | श्री हुक्कुमाया श्रेष्ठ | |
| १६ | कार्यपालिका सदस्य | श्री पूर्णमाया परियार | |
| १७. | कार्यपालिका सदस्य | श्री कृष्ण बहादुर बर्देवा | |
| १८. | कार्यपालिका सदस्य | श्री छविलाल धिमाल | |
| १९. | कार्यपालिका सदस्य | श्री धनराज धिमाल | |
| २०. | सदस्य-सचिव | श्री शम्भुप्रसाद भट्टराई (नि. प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थित :

| क्र.सं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | लेखा अधिकृत | श्री गोबिन्द कार्की | |
| २. | नायव सुब्बा | श्री भरत अधिकारी | |
| ३. | नायव सुब्बा | श्री नगेन्द्र प्रसाद तिम्सिना | |
| ४. | क.अ. | श्री सुमित खवास | |
| | | | |

प्रतिलिपि

*निर्णय नं. ७*

उर्लाबारी नगरपालिका वडा नं. ३ स्थित श्री ॐ महायोगी गुरु शिव गोरक्षनाथः सिद्ध - गोरक्ष योगपीठ सिद्धाश्रम नेपालले योजना सहित प्रस्ताव पेश गरेको सम्बन्धमा उक्त संस्थालाई नेपाल सरकारका विभिन्न मन्त्रालय, प्रदेश मन्त्रालयबाट योजना तथा बजेट मागका लागि साथै नेपाल सरकारको कूटनीतिक सम्बन्ध भएका दातृराष्ट्रहरु, वैदेशिक संघ संस्थाबाट वैदेशिक सहायता लिनका लागि एवम् संस्थागत बहुउद्देश्यहरुलाई विश्व गौरव, राष्ट्र गौरव, प्रदेश गौरव र नगर गौरवको रुपमा विकास गर्नका लागि योजना तथा सहायता माग गर्न तत् निकायमा नगरपालिकाबाट सिफारीस गर्ने निर्णय गरियो ।

उर्लाबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय उर्लाबारी, मोरङ १ नं. प्रदेश, नेपाल